मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
०६९-४२००२२
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३

सूचना नं. ४१

## निःशुल्क जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीलाई सार्वजनिक सूचना ।।

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/२३

ने.संः ११४५ ञलागा, १ सोमबार

मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०४/०९ गतेको बैठक निर्णयानुसार इलाका प्रहरी कार्यालयका लागि तपसिल बमोजिमको क्षेत्र एवम् क्षेत्रफलको जग्गा आवश्यक भएकोले निःशुल्क जग्गा उपलब्ध गराउन ईच्छुक व्यक्ति/समूह/संस्थाले उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचनाको मितिले १५ (पन्ध्र) दिनभित्रमा तपसिलका आवश्यक कागजातहरु सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

शर्तहरुः

१. न्यूनतम क्षेत्रफलः ३-०-०-० (३ रोपनी) (एकाघर वा संधियार जग्गादाताहरुबाट दिन सकिने)
२. क्षेत्रः दरवाङबाट १ किमि आसपास पर्ने पूर्व पश्चिम उत्तर र दक्षिणको क्षेत्र
३. न्यायिक/अर्धन्यायिक वा अन्य कुनै पनि निकायहरुबाट रोक्का नभएको हुनुपर्ने ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. निःशुल्क जग्गा उपलब्ध गराउन ईच्छुक रहेको जग्गाधनीको जग्गाको क्षेत्रफल समेत उल्लेख गरिएको निवेदन ।
२. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी ।
३. जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
४. अद्यावधिक रुममा भूमिकर (तिरो) तिरेको रिसदको प्रतिलिपी ।
५. एक भन्दा बढीले जग्गा उपलब्ध गराउने भए सबै जग्गाधनीको हस्ताक्षर, नागरिकताको प्रमाणको प्रतिलिपी र उपलब्ध गराउने क्षेत्रफल समेत तोकिएको निवेदन ।

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत